१०५६

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ५५९/२०७२/०७३

निर्णय नं. ६६८

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ......................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), बुद्ध वाटिका नगरपालिका कार्यालय, कपिलवस्तु .........१ विपक्षी
सूचना अधिकारी, बुद्ध वाटिका नगरपालिका कार्यालय, कपिलवस्तु...................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले बुद्ध वाटिका नगरपालिका कार्यालय, कपिलवस्तु समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । यस सम्बन्धमा आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम बुद्ध वाटिका नगरपालिका कार्यालय, कपिलवस्तुलाई मिति २०७२।०७।३०, च.न ५२१ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त बुद्ध वाटिका नगरपालिका कार्यालय, कपिलवस्तुको मिति २०७२।०९।१९, च.नं.७८८, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी बोधार्थद्वारा यस आयोगलाई समेत जानकारी गराईएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल फागुन ९ गते रोज १ शुभम् ।